अनमोल बीउ एक प्राइभेट लिमिटेड कम्पनी हो । यो नेपाल सरकार, उद्योग मन्त्रालयअन्तर्गत कम्पनी रजीष्ट्रारको कार्यालयमा २०६७ साल साउन १७ गते दर्ता भएको हो । यसको प्रधान कार्यालय भरतपुर, चितवनमा रहेको छ ।

अनमोल बीउ कम्पनी नेपालमा कृषि अनुन्धान र विकासमा संलग्न विज्ञ र अनुभवी व्यक्तिहरूद्वारा प्रर्वधित छ । यसको अलावा, कम्पनीका प्रवर्धकहरू देशभरिका विभिन्न समुदायमा आधारित बीउ उत्पादक कृषक समूहहरू, एग्रोभेटहरू र समुदायमा आधारित संस्थाहरू रहेका छन् ।

अनमोल बीउ कम्पनीले तरकारीबाली, खाद्यन्नबाली, दलहनबाली र आलुबालीका २५ भन्दा बढी जातहरूका गुणस्तरीय बीउ उत्पादन गरी विक्रीवितरण गर्दछ । यसले नेपालका विभिन्न भागमा रहेका कृषक समूह सञ्जालमार्फत विशेष अनुगमन र प्राविधिक निरीक्षणमा बीउ उत्पादन गर्दछ ।



अनमोल बीउ कम्पनीले नाफा आर्जन गर्नका अतिरिक्त सामाजिक उत्तरदायित्वलाई पनि अत्यन्तै जिम्मेवारीपूर्वक लिएको छ । यसले अन्वेषणमा लगानी गर्दछ र नैतिकतामा आधारित व्यावसायप्रति दृढ प्रतिबद्धता जनाउँदछ । साथै साना बीउ उत्पादक, कृषकदेखि खुद्रा विक्रेतासम्मको मूल्य श्रृङ्खलामा आबद्ध व्यक्ति तथा संस्थाहरूमा लाभको समन्यायिक बाँडफाँडमा विश्वास गर्दछ ।




अनमोल बीउ प्राइभेट लिमिटेड
भरतपुर, चितवन, नेपाल
९७७-५६-५२३००६
info@anamolbiu.com
www.anamolbiu.com




शुद्ध बीउ, अनमोल बीउ

anamolbiu

# अनमोल बीउ
## प्राइभेट लिमिटेड

शुद्ध बीउ, अनमोल बीउ

# तरकारीबाली, दलहनबाली र आलुबालीका शुद्ध बीउहरु



## स्रोत बीउको उपलव्धता

यस कम्पनीले तरकारीबाली, खाद्यान्नबाली, दलहनबाली र आलुबालीका उन्नत र कृषकहरूले मन पराएका जातहरूको प्रजनन र मूल बीउ उत्पादन गर्दछ । क्षेत्रीय बीउबिजन परीक्षण प्रयोगशालाका अधिकृत, प्रजनक, जिल्ला कृषि विकास कार्यालयका अधिकृत, समुदायमा आधारित बीउ उत्पादक कृषक समूहका सदस्यहरूबाट सबै बीउ उत्पादन प्लटहरूको खडाबाली निरीक्षण गरिन्छ । खडाबाली निरीक्षण र बीउ परीक्षण प्रयोगशालामा आवश्यक मापदण्ड पूरा भएका बीउ मात्र बजारमा विक्रिवितरण गरिन्छ ।



## वर्णसङ्कर (हाइब्रिड) बीउ

अनमोल बीउ कम्पनीले उत्कृष्ट 'इन्ब्रिड लाईन'हरूको प्रजननबाट वर्णसङ्कर बीउ उत्पादन गर्दछ । नेपालमा नै उत्पादन गरिने यी वर्णशङ्कर बीउको उत्पादकत्व राम्रो छ । आयातीत वर्णसङ्कर बीउका तुलनामा यी बीउहरूमा जोखिम कम हुन्छ ।

## यथार्थ सङ्केतपत्र अङ्कित बीउ

अनमोल बीउ कम्पनीले खडाबाली निरीक्षण र प्रयोगशालामा परिक्षण गरिएका स्रोत बीउहरूको मात्र प्रयोग गरी कृषक समूहहरूको सहकार्यमा यथार्थ सङ्केतपत्र अङ्कित बीउ उत्पादन गर्दछ । साथै नेपाल सरकारले निर्धारण गरेको बीउ गुणस्तरसम्वन्धि मापदण्ड पालना गरी क्षेत्रीय बीउबिजन प्रयोगशालाद्वारा बीउ परीक्षण र प्रमाणीकरण गराउँदछ ।




## उद्देश्य

अनमोल बीउ कम्पनी गुणस्तीय बीउ तथा उच्च गुणस्तरका मूल्य अभिवृद्धि गरिएका कृषिजन्य वस्तुहरूको उत्पादन एवम् आपूर्ति गर्न प्रतिबद्ध छ । यस कम्पनीका उद्देश्यहरू निम्नानुसार छन् :

- तरकारीबाली, खाद्यान्नबाली, दलहनबाली र आलुबालीका उन्नत जातहरूको गुणस्तरीय बीउ प्रतिस्पर्धात्मक मूल्यमा उपलब्ध गराउने;
- उपभोक्तामुखी बाली प्रजनन र स्थानीय बालीका जातहरूको अनुसन्धान तथा विकास कार्य सञ्चालन गर्ने;
- बीउसँग सम्बन्धित तालिम तथा परामर्श सेवा उपलब्ध गराउने ।



# अनुसन्धान तथा विकास

अनमोल बीउ कम्पनी अनुसन्धान तथा विकासमा आधारित नेपालका बीउ कम्पनीहरूमध्ये एक हो । सरकारी निकाय तथा मुनाफारहित सङ्घ-संस्थाहरूको साझेदारीमा यसले सञ्चालन गर्ने अनुसन्धान तथा विकासका कार्यहरूले नेपालका पिछडिएका समुदायको खाद्य तथा पोषण सुरक्षामा योगदान पुऱ्याउँनेछ ।

## उपभोक्तामुखी बाली प्रजनन

अनमोल बीउ कम्पनीले तराई तथा नदी तटीय क्षेत्रका लागि सुहाउँदा मसिना र बास्नादार धानका जातको विकासका लागि उपभोक्तामुखी बाली प्रजनन कार्यक्रम अगाडि बढाइरहेको छ । यस कार्यक्रमबाट विकास गरिएका मसिना र बास्नादार धानका जातहरूबाट कृषकहरूले बढी मूल्य पाउन सक्नेछन् ।

## स्थानीय जातहरु

हाम्रो गौरव र सामाजिक एवम् सांस्कृतिक पहिचान बोकेका स्थानीय जातहरू हाम्रा अमूल्य सम्पदा हुन् । स्वाद र पोषणलाई महत्त्व दिने एवम् शहरी उपभोक्ताहरूको मागलाई मध्यनजर गर्दै अनमोल बीउ कम्पनीले बिशेष गुण भएका स्थानीय जातहरूको बीउ सङ्कलन, छनौट र मूल्याङ्कन गरिरहेको छ ।

## बिक्री केन्द्रहरु

अनमोल बीउ कम्पनीबाट उत्पादित बीउहरू नेपालका प्रमुख शहरका एग्रोभेटहरूमा उपलब्ध छन् । यसका अलावा कम्पनीको प्रधान कार्यालय भरतपुर र क्षेत्रीय कार्यालय सुरुङ्गा झापाबाट पनि विक्रीवितरण गरिन्छ ।